# पुनर्लाभ क्लष्टर, कर्णाली प्रदेश
# पश्चिम नेपाल भूकम्प अपडेट नं. ३

१९ चैत्र २०८०

पुनर्लाभ क्लष्टर नेतृत्व : उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय-कर्णाली

पुनर्लाभ क्लष्टर सह-नेतृत्व : युएनडिपी नेपाल

पुनर्लाभ क्लष्टर साझेदारहरु :

- कर्णाली प्रदेश वन निर्देशनालय
- किर्डाक नेपाल
- पशुपंक्षी विकास निर्देशनालय
- एफएओ नेपाल
- नेपाल उद्योग वाणिज्य महासंघ
- जिआईजेड
- हेल्भेटास
- आईएफआरसि
- आईओएम
- एलडब्ल्यूआर
- एनएचएसआरपी
- एनआरसिएस
- अक्सफाम
- प्लान इन्टरनेशनल
- आरआरएन
- स्याक नेपाल
- सुन्दर नेपाल
- सेभ द चिल्ड्रेन
- भू तथा जलाधर व्यवस्थापन कार्यालय
- युनिसेफ
- युएनएफपिए
- युएसएइआईडि
- डब्लुएचएच
- डब्लुएचओ
- डब्लुएफपि
- डब्लुभिआई

## संक्षिप्त झलक



| | | | | |
|---|---|---|---|---|
| | ७ | २५०,००० | ६७,५०० | १९ |
| ६.४ म्याग्निच्युड स्केल भूकम्प १७ कार्तिक २०८० | पुर्नलाभ विषयगत क्षेत्र | खाँचोमा परेका व्यक्तिहरुको संख्या | लक्षित व्यक्तिहरुको संख्या | लक्षित साझेदारहरुको संख्या |

## पश्चिम नेपाल भूकम्प

१७ कार्तिक, २०८० को पश्चिम नेपालमा ६.४ म्याग्निच्यूडको भूकम्प गयो जसबाट कर्णाली प्रदेशका जाजरकोट, रुकुम पश्चिम र सल्यान जिल्लाहरुमा १५४ व्यक्तिहरु (८४ महिला, ७० पुरुष) को ज्यान जानुका साथै ३६६ जना घाइते र २६,५७७ घरहरु पूर्णरुपमा भत्किन पुगे । भूकम्पका कारण २,५०,००० मानिसहरुलाई मानवीय सहायताको आवश्यकता देखिन्छ । हाल नेपाल सरकार र मानवीय सहायता उपलब्ध गराउने साझेदारहरु पुनर्निर्माण र पुनर्लाभका साथै अस्थायी आवास निर्माणमा केन्द्रित भएका छन् । (NEOC/MoHA Nepal, 22 Dec 2023; UN RC Nepal & UNCT Nepal, 16 Nov 2023).

## पश्चिम नेपाल भूकम्प

नेपाल सरकारले जम्मा ९७६ सुरक्षाकर्मीहरुलाई भूकम्प पश्चात् उद्धारको लागि खटाएको छ। साथै, नेपाल सरकारले नै भूकम्पबाट घाइतेहरुको लागि नेपालका सबै अस्पतालहरुमा निशुल्क उपचारको व्यवस्था गरेको छ। नेपाल सरकारले प्रति मृतक परिवारलाई दुई लाख रुपैयाँ बीमा स्वरुप उपलब्ध गराएको छ। नेपाल सरकारले नै प्रति लाभग्राहीलाई पचास हजार रुपैयाँ अस्थायी आवास निर्माण गर्न दुईवटा किस्तामा रकम उपलब्ध गराएको छ। (NEOC/MoHA Nepal, 22 Dec 2023; UN RC Nepal & UNCT Nepal, 16 Nov 2023).

## पुनर्लाभ क्लष्टर

पुनर्लाभ क्लष्टर पुनः क्रियाशील भई यसको पहिलो बैठक २० कार्तिक २०८० मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंमा बस्यो । त्यस्तै, कर्णाली प्रदेशमा पुनर्लाभ क्लष्टरको पहिलो बैठक २२ कार्तिक २०८० मा सम्पन्न भयो । पहिलो बैठकमा भएका मुख्य निर्णयहरुमा भूकम्प प्रभावित व्यक्तिहरुलाई रोजगारी सिर्जना गर्ने, खानेपानी, सरसफाई, पशुपालन, कृषि व्यवसाय, लघु उद्यम, स्थानीय सडक, सिँचाई कुलोका परियोजनाहरु लागू गर्ने निर्णय गरियो। त्यस्तै, बैठकले विकास साझेदारहरुलाई एकद्वार नीतिद्वारा राहतमा जोड दिन र पुनर्लाभको लागि कार्ययोजना तयार पार्ने निर्णय गऱ्यो। त्यस्तै, दोस्रो र तेस्रो पुनर्लाभ क्लष्टरको बैठक क्रमशः ७ मंसीर, २०८० र १९ पुष, २०८० मा सम्पन्न भयो। तेस्रो बैठकमा भएका प्रमुख निर्णयहरुमा पुनर्लाभ सम्बन्धी महत्वपूर्ण तथ्याकंहरु संकलन गर्ने, पुनर्लाभमा काम गरिरहेका सम्पर्क व्यक्ति र संस्थाहरुका सम्पर्क सूचना अद्यावधिक गर्ने रहेका छन्। साथै, अहिलेसम्म पुनर्लाभमा भएका प्रगतिहरु आवधिक रुपमा प्रकाशन गर्ने निर्णय पनि गरियो।

## भग्नावशेष व्यवस्थापन

- युएनडिपीले जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका, नलगाड र भेरी नगरपालिकाहरु तथा रुकुम पश्चिमका आठविसकोट नगरँपालिकाका ४०० घरहरुमा कामका लागि नगद कार्यक्रम मार्फत् भग्नावशेष व्यवस्थापन गरेको छ । जसमार्फत् प्रत्येक लाभग्राहीले ६ दिन बराबरको ( प्रत्येक घरबाट २ सदस्यहरु गरी ३ दिन बराबरको) जिल्ला दररेट अनुसार अदक्ष कामदारको ज्याला दिइएको थियो ।
- कारितास नेपालले युथ अवेरनेस रेइजिङ सेन्टर नेपालसँगको सहकार्यमा भेरी नगरपालिका १ का ७१ घरधूरीहरुमा कामका लागि नगद कार्यक्रम मार्फत् भग्नावशेष व्यवस्थापनको काम सम्पन्न गरेको छ । त्यस्तै, सप्रोस नेपालले पनि भेरी नगरपालिका १ का ५४ घरधूरीहरु, आठविसकोट नगरपालिका वडा नं १३ र १४ का ६६ घरधूरीहरुमा कामका लागि नगद कार्यक्रम मार्फत् भग्नावशेष व्यवस्थापनको काम सम्पन्न गरेको छ ।
- सप्रोस नेपालले भेरी नगरपालिका वडा नम्बर १, जाजरकोटमा कामका लागि नगद कार्यक्रम मार्फत् ५४ घरधूरीहरुमा भग्नावशेष व्यवस्थापनको काम सम्पन्न गरेको छ ।
- ग्रामीण पुनर्निर्माण नेपालले आठविसकोट नगरपालिका १४ का १०० घरधूरीहरुमा बेलायती सहयोग नियोगको स्टार्ट फन्ड अन्तरगत कामका लागि नगद कार्यक्रम मार्फत् भग्नावशेष व्यवस्थापनको काम सम्पन्न गरेको छ । जसबाट प्रत्येक घरधूरीले रु. ७,२२३। प्राप्त गरेका छन् ।
- त्यस्तै, प्लान इन्टरनेशनललेरुकुम पश्चिमको आठविसकोट नगरपालिकाको वडा नं ११ का ६५ घरधूरीलाई कामका लागि नगद कार्यक्रम मार्फत् भग्नावशेष व्यवस्थापनको काम सहयोग गरेको छ । जसमा क्यानाडा अन्तरराष्ट्रिय सहयोगको आर्थिक सहयोगमा स्याक नेपाल मार्फत् सहयोग गरेको छ ।
- केयर नेपालले नलगाड नगरपालिका १ मा भग्नावशेष व्यवस्थापनका लागि कामका लागि नगद कार्यक्रम मार्फत् सहयोग गरेको छ । साथै १३५ वटा अस्थायी आवासहरु निर्माणको लागि पनि सहयोग गरेको छ। साथै प्रति घरधूरी रु. ३५,०००। भग्नावशेष व्यवस्थापन लगायतका कामको लागि प्रदान गर्ने प्रक्रियामा रहेको छ ।
- ह्यान्डिक्याप इन्टरनेशनल, पिपुल इन निड (पिन) र स्टार्टअप नेपालको सहयोग र किर्डाकसँगको सहकार्यमा बारेकोट गाउँपालिकामा कामका लागि नगद कार्यक्रम मार्फत् भग्नावशेष व्यवस्थापनका लागि प्रत्येक घरधूरीले १५,०००। सहयोग प्राप्त गरेका छन् । साथै २१० घरधूरीको लागि बारेकोट गाउँपालिकाको वडा नं १ र ५ मा सरकारी मापदण्ड अनुसार अस्थायी आवास निर्माण गरेको छ । जसमा १० वटा अपागंता भएका व्यक्तिहरुको लागि पहुँचयोग्य आवास संरचना पनि निर्माण गरिएको छ ।

## सूचना व्यवस्थापन र प्रणाली सहयोग

- रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा युएनडिपीको सहयोगमा द्रुत मूल्याकंन मार्फत् १५०० घरधूरीको नक्साकंन मार्फत् घरमूली हरुको, क्षति भएका घरहरुको फोटो राख्ने कार्य सम्पन्न भयो ।
- युएनडिपीले सूचना व्यवस्थापन गर्न ८ जना कर्मचारीहरु प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र कर्णाली, जिल्ला विपद् व्यवस्थापन समितिहरु रुकुम पश्चिम र जाजरकोट, आठविसकोट नगरपालिका र सानी भेरी गाउँपालिका, रुकुम पश्चिम, भेरी र नलगाड नगरपालिका, बारेकोट गाउँपालिकामा उपलब्ध गराएको छ । एनएचआरएसपीले पनि प्रदेश र स्थानीय तहमा सूचना व्यवस्थापन गर्न कर्मचारीहरु खटाएको छ ।
- मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सिएमसि नेपाल) ले संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको सहयोगमा १-१ जना मनोसामाजिक परामर्शदाता जिल्ला अस्पताल, जाजरकोट र जिल्ला अस्पताल, रुकुम पश्चिममा ६ महिनाका लागि पठाएको छ । जसले भूकम्प प्रभावित व्यक्तिहरुलाई मनोसामाजिक परामर्श प्रदान गर्दै आएका छन् । त्यस्तै, सिएमसि नेपालले स्वीस राजदूतावास, नेपालको सहायतामा नलगाड नगरपालिकामा २ जना मनोसामाजिक परामर्शदाताहरु परिचालन गरेको छ । जसले विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम अन्तरगत मनोवैज्ञानिक परामर्श दिने काम गरिरहेको पाइन्छ । त्यस्तै सहयोग सानीभेरी गाउँपालिकामा पनि गरेको छ ।

- मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सिएमसि नेपाल) ले सिबिएम ग्लोवलसँगको साझेदारीमा सानीभेरी गाउँपालिकामा ६७ जना स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिलाई प्राथमिक तहको मनोवैज्ञानिक उपचार प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरेको छ ।
- जिल्ला विपद् व्यवस्थापन समिति, रुकुम पश्चिमले एनएचआरएसपि, सेभ द चिल्ड्रेन, सिआएस, कारितास नेपाल, युएनडिपि लगायत साझेदारहरुसँगको सहकार्यमा दुईदिने पालिकास्तरमा कार्यरत ४० जना प्राविधिकहरुलाई तालिम कार्यक्रम सञ्चालन गरियो । जसबाट अस्थायी आवास अनुदानको लागि आवश्यक कागजपत्र अपलोड गर्न, क्षतिग्रस्त घरहरुको ग्रेडिङ्ग गर्न, पुनर्निर्माण बारे उनीहरुलाई व्यावहारिक ज्ञान, सीप दिइयो ।
- महिला पुनर्स्थापना केन्द्र (वोरेक नेपाल) ले संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको सहयोगमा भेरी नगरपालिका, नलगाड नगरपालिका, बारेकोट गाउँपालिका, आठबिसकोट नगरपालिका र सानी भेरी नगरपालिकामा महिला मैत्री स्थलहरु निर्माणको लागि सहयोग गरेको छ । त्यस्तै, सबै महिला मैत्री स्थलहरुमा २ जना मनोसामाजिक परामर्शदाताहरु तथा सम्बन्धित पालिकाहरुले थप ३ जना जनशक्ति छनौट गरि भूकम्प पश्चात् विशेष गरी मनोसामाजिक परामर्शदाता र महिला हिंसामा परेका महिलाहरुको लागि प्रेषण सेवाहरु प्रदान गर्दैछ ।
- युनिसेफको सहयोगमा आठविसकोट नगरपालिकामा वागेश्वरी असल शासन (बास) नेपालले एउटा सम्पर्क व्यक्ति र सबै १३ वटा वडाहरुमा स्वयम्सेवक तयार गरेको छ । जसले खोप, खानेपानी तथा सरसफाईमा जनचेतना जगाउने काम गर्दछन् । साथै एउटा नागरिक हेल्प डेस्क मार्फत् नगरपालिकाका सेवाग्राहीहरुलाई उनीहरुले सहयोग गरेका छन् ।
- नेपाल रेडक्रस सोसाइटीले भेरी नगरपालिकामा दुईजना स्वयम्सेवकहरु परिचालन गरेको छ । उनीहरुले विपद् पोर्टलमा अस्थायी आवास सम्बन्धी तथ्याकंहरु प्रविष्ट गर्ने काम गर्छन् ।
- पिपुल इन निड (पिन) ले बारेकोट गाउँपालिकामा सहायता कक्ष स्थापना र सूचना व्यवस्थापनको लागि २ जना कर्मचारीहरु परिचालन गरेको छ । जसबाट अस्थायी आवासको रकम भुक्तानी प्रकृया लगायतमा सहयोग हुने अपेक्षा गरिएको छ ।

### शासन सहयोग

- युएनडिपीले ६ वटा प्रिफ्याब संरचनाहरु आठविसकोट नगरपालिका रुकुम पश्चिम, नलगाड नगरपालिका र बारेकोट गाउँपालिका, जाजरकोटमा निर्माणको लागि पहल गरेको छ। यी प्रिफ्याब संरचनाहरुले स्थानीय सरकारका सेवा प्रवाहलाई सहज पार्नेछ ।
- विश्व स्वास्थ्य संगठनले बारेकोट गाउँपालिकामा एउटा अस्थायी प्राथमिक स्वास्थ्य उपचार केन्द्र स्थापना गरेको छ ।
- युनिसेफले मेडिकल पालहरु २ वटा नलगाड नगरपालिकामा, २ वटा बारेकोट गाउँपालिकामा र १ वटा भेरी नगरपालिका, जाजरकोटमा गरी ५ वटा मेडिकल पालहरु खासगरी मातृ र नवजात शिशु स्याहारको लागि स्थापना गरेको छ ।
- चौधरी फाउन्डेशनले नलगाड नगरपालिका वडा नम्बर १ मा ४७ वटा अस्थायी आवास निर्माण गर्न सहयोग गरेको छ ।
- केयर नेपालले पहाडी क्षेत्र विकास अभियान -एचआरडिसी), जाजरकोटले नलगाड नगरपालिका वडा नम्बर १ मा १३५ वटा अस्थायी आवास निर्माण गर्न सहयोग गरेको छ ।
- प्लान इन्टरनेशनलको सहयोगमा नलगाड नगरपालिका वडा नम्बर ३ मा ७५ वटा अस्थायी आवास निर्माण गर्न सहयोग गरेको छ ।
- ग्रामीण पुनर्निर्माण नेपाल (आरआरएन) ले नलगाड नगरपालिका वडा नम्बर ६ मा ६५ वटा अस्थायी आवास निर्माण गर्न सहयोग गरेको छ ।
- आत्मनिर्भर केन्द्र (सिएसआरसि) ले नलगाड नगरपालिका वडा नम्बर ७ मा २९ वटा अस्थायी आवास निर्माण गर्न सहयोग गरेको छ ।
- सुन्दर ढोका साथी सेवाले नलगाड नगरपालिका वडा नम्बर १२ मा ५ र वडा नम्बर १३ मा ४ वटा अस्थायी आवास निर्माण गर्न सहयोग गरेको छ ।
- बिल्डअप नेपालले आठविसकोट नगरपालिका वडा नम्बर १४ छेपारेमा अस्थायी प्रहरी चौकी निर्माण गर्नको लागि ३३०० गोटा ईटाँ सहयोग गरेको छ

। नगरपालिकाले बाँकी निर्माण खर्च व्यहोर्नेछ ।

- जिल्ला विपद् व्यवस्थापन समिति रुकुम पश्चिमले महिला पुनर्स्थापना केन्द्रसँगको सहकार्यमा पुनर्निर्माण र पुनर्स्थापनामा संलग्न सरोकारवालाहरुसँग समीक्षा बैठक सम्पन्न गरेको छ। जसमा ६० सहभागीहरु मझ अस्थायी आवास, विकास साझेदारको भूमिका, अनुदान आदिबारे छलफल भएको थियो ।
- युनिसेफले नै जाजरकोट र रुकुम पश्चिमका १०५ वटा विद्यालयहरुमा २२३ वटा अस्थायी सिकाई केन्द्रहरु स्थापना गरेको छ ।
- वर्ल्ड भिजन इन्टरनेशनल नेपालले जाजरकोट जिल्लाका भेरी नगरपालिका र नलगाड नगरपालिकामा १७ वटा अस्थायी सिकाई केन्द्रहरु स्थापना गरेको छ ।
- युएनडिपीले २ वटा ल्यापटप कम्प्युटर र एउटा प्रिन्टर जिल्ला प्रशासन कार्यालय, जाजरकोटलाई सहयोग गरेको छ । साथै, युएनडिपीले नै ९ वटा इन्जिनियरहरु अस्थायी आवास निर्माणमा प्राविधिक सहायताको लागि स्थानीय तहहरुमा खटाएको छ ।
- प्लान इन्टरनेशनल नेपालले स्याक नेपाल मार्फत् ६ वटा अस्थायी सिकाई केन्द्रहरु जाजरकोट जिल्लाको नलगाड र भेरी नगरपालिकाहरु र रुकुम पश्चिमको आठविसकोट नगरपालिकामा स्थापना गरेको छ ।
- छायाँ नेपालले सानीभेरी गाउँपालिका वडा नं १० मा १ जना इञ्जिनियर र १ जना सव- इञ्जिनियर ३ महिनाको लागि अस्थायी शौचालय निर्माण र खानेपानी आयोजनाहरु संचालनको लागि परिचालन गरेको छ ।
- युनिसेफको सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालले आठविसकोट नगरपालिकाको वडा नम्बर ११ मा टाईप टू ४ वटा अस्थायी सिकाई केन्द्रहरु र आठकोठे ४ वटा शौचालयहरु, वडा नम्बर १२ मा १ वटा अस्थायी सिकाई केन्द्र र एउटा शौचालय, वडा नम्बर १४ मा १ वटा अस्थायी सिकाई केन्द्र र एउटा शौचालय निर्माण भएका छन् ।
- स्याक नेपालले प्लान इन्टरनेशनलको सहयोगमा आठविसकोट नगरपालिकाको वडा नम्बर ११ का दुईवटा अस्थायी सिकाई केन्द्रहरु निर्माण गरिरहेको छ ।

## जीविकोपार्जन र क्षमता विकास

- आठविसकोट नगरपालिकाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सहयोगमा वडा नम्बर ९ का २४ जनालाई सीप विकास सम्बन्धी तालिम (सरफ, फिनेल, हार्पिक, झोल साबुन, क्रिस्टल गहना, चुरा बनाउने) प्रदान गरेको छ ।
- जिल्ला विपद् व्यवस्थापन समिति र एनएचआरएसपीको सहयोगमा अस्थायी आवास निर्माणका लाभग्राहीको तथ्याकं विपद् पोर्टलमा प्रविष्ट गर्ने र पुनर्निर्माण सम्बन्धी तालिम सम्पन्न भयो । जसमा नलगाड, बारेकोट, भेरी, आठविसकोट, सानीभेरी, मुसिकोटका इन्जिनियरहरुको सहभागिता थियो ।
- युएनडिपी/जेएसबिको परियोजनाको सहयोगमा २७ जना स्वयम्सेवकहरुलाई खोज तथा उद्धार, आधारभूत प्राथमिक उपचार, आकस्मिक आवास व्यवस्थापन सम्बन्धी तालिम दिइयो । साथै उनीहरुको तथ्याकं राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्वयम्सेवक व्यवस्थापन प्रणालीमा प्रविष्ट गरियो ।
- युएनडिपीले नलगाड नगरपालिका ११ र १३ नम्बर वडाहरुमा मा २४७ वटा सुधारिएको फलामे खाना पकाउने चुल्हो वितरण गरेको छ। त्यस्तै, नलगाड नगरपालिका १० मा ५० वटा ईटाँ गारोको सुधारिको चुल्हो जडान गरेको छ ।
- युएनडिपीले भेरी नगरपालिका वडा नम्बर ३ मा ४० घरधूरीहरुलाई ४० वटा ईटाँ गारोको सुधारिको चुल्हो सहयोग गरेको छ ।
- जापान सरकारको सहयोगमा युएनडिपीले नलगाड नगरपालिका वडा नं १२ मा २५ वटा बाख्राका खोरहरुको मर्मत गरेको छ । साथै ३ वटा उन्नत जातका बाख्रा वितरण गरेको छ। त्यस्तै, नलगाड नगरपालिका वडा नं ४, ७, ८, र १० का १२५ घरधूरीहरुलाई करेसाबारीको लागि बीउ सहयोग, व्यावसायिक तरकारी खेती र मसला जातका बाली उत्पादनको लागि सहयोग गरेको छ । साथै, नलगाड नगरपालिका वडा नम्बर ३ मा २५ घरधूरीहरुलाइ फलफूलका बिरुवा र बगैंचा व्यवस्थापनका लागि औंजारहरु प्रदान गरेको छ । युएनडिपीले नै नलगाड नगरपालिका वडा नम्बर

१ र २ मा २५ घरधूरीहरुलाई मौरीपालनको लागि सहयोग गरेको छ। साथै, ३ वटा प्राकृतिक रुपमा भेन्टिलेटेड पोलिहाउस निर्माण, एउटा बहुउद्देश्यीय नर्सरी निर्माणका साथै १०० भन्दा बढी जना किसानहरुलाई तालिम प्रदान गरेको छ।

- त्यस्तै, जापान सरकारको सहयोगमा युएनडिपीले बारेकोट गाउँपालिकाको वडा नम्बर १ र २ मा १२५ घरधूरीहरुलाई करेसाबारीको लागि बीउ सहयोग, व्यावसायिक तरकारी खेती र मसला जातका बाली उत्पादनको लागि सहयोग गरेको छ । साथै, वडा नम्बर ३ मा २५ वटा बाख्राका खोरहरुको मर्मत पनि गरेको छ। त्यस्तै, ३ वटा प्राकृतिक रुपमा भेन्टिलेटेड पोलिहाउस निर्माण, एउटा बहुउद्देश्यीय नर्सरी निर्माणका साथै १०० भन्दा बढी जना किसानहरुलाई तालिम प्रदान गरेको छ।
- युएनडिपीले नलगाड नगरपालिका र बारेकोट गाउँपालिकामा जापान सरकारको सहयोगमा व्यावसायिक तरकारी खेती र मसला जातका बाली उत्पादन, मौरीपालन, खोर सुधार सम्बन्धी ५०० जना भन्दा बढी व्यक्तिहरुलाई तालिम प्रदान गरेको छ।
- सेभ द चिल्ड्रेनले ७२० जनालाई तरकारी, मकै, दलहन बालीका बीउहरु उपलब्ध गराएको छ। त्यस्तै, सेभ द चिल्ड्रेनले नै एकीकृत शत्रु जीव व्यवस्थापनबारे भेरी नगरपालिका, शिवालय गाउँपालिका, कुशे गाउँपालिका जाजरकोटमा तालिम उपलब्ध गराउने योजना गरेको छ। साथै सेभ द चिल्ड्रेनले भेरी नगरपालिका, जाजरकोटमा प्रदर्शनको लागि एउटा पोलि प्लस नेट हाउस स्थापना गरेको छ। त्यस्तै, कुशे गाउँपालिकामा बाख्रापालन र नश्ल सुधार सम्बन्धी तालिम १२ समूहका १८० घरधूरीलाई दिएको छ। साथै कुशे गाउँपालिकामा नै बाख्रा उपचारको लागि एउटा डिपिङ्ग ट्याकं निर्माण गरेको छ। साथै यसले शिवालय गाउँपालिकामा उच्च मूल्यका बाली उत्पादन गर्न ६० घरधूरीलाई प्लाष्टिक ड्रम, पानी आपूर्ति प्रणाली लगायतमा सहयोग गरेको छ। ५५ छनौट भएका युवाहरुलाई भेरी नगरपालिका, शिवालय र कुशे गाउँपालिका, जाजरकोटमा व्यावसायिक तालिमका साथै तालिम पश्चात् व्यवसाय शुरुवातका लागि स्टार्टअप र उपकरणहरु हस्तान्तरण गरेको छ।
- सेभ द चिल्ड्रेनले पहाडी क्षेत्र विकास अभियान - एचआरडिसी) जाजरकोटसँगको साझेदारीमा भेरी नगरपालिका वडा नम्बर १, २, ३ र ४ मा विशेषगरी गर्भवती र स्तनपान गराईरहेका महिला, अपांगता भएका व्यक्तिहरुलाई गरी २२० घरधूरीहरुलाई नगद भौंचर सहायता गरेको छ। जसबाट प्रत्येक घरधूरीले जम्मा रु. २०,०००। प्राप्त गर्नेछन्। जसबाट उनीहरुको खानेपानी, सरसफाई, विन्टराईजेशनमा सहयोग पुग्नेछ।
- युएनडिपीले स्याक नेपाल मार्फत् नलगाड नगरपालिका र बारेकोट गाउँपालिकामा ५०० जना व्यक्तिहरुलाई व्यावसायिक तरकारी खेती, मसला बाली, बाख्रा पालन, मौरीपालन, गोठ सुधार सम्बन्धी तालिम प्रदान गरेको छ। साथै करेसाबारी खेतीको लागि बीउ, उन्नत जातको बाख्रा २५० घरधूरीको लागि सहयोग गरेको छ। त्यसैगरी ४० वटा बेमौसमी तरकारी खेतीका लागि टनेल, ६ वटा उन्नत प्रविधिको बेमौसमी तरकारी खेती टनेल र २ वटा तरकारी तथा फलफूलको बिरुवा उत्पादनका लाथि अत्याधुनिक मिष्टिङ्ग सिष्टमको हाइटेक नर्सरी टनेल निर्माण र कार्यान्वयनमा सहयोग गरेको छ। त्यसैगरी पानी संकलनका लागि ८ वटा पानीपोखरी तथा ५० वटा बाख्राको खोर मर्मत तथा निर्माण एवम बीउ बोकाका लागि ६ वटा बोयर (७५ प्रतिशत) को समेत सहयोग गरेको छ।
- संयुक्त राष्ट्रसंघ कृषि तथा खाद्य संगठन (एफएओ) ले किर्डाक नेपालसँगको सहकार्यमा पश्चिम रुकुमको सानीभेरी गाउँपालिकाको वडा नम्बर १, २ र ४ मा, आठविसकोट नगरपालिकाको वडा नम्बर १४ मा, जाजरकोट जिल्लाको भेरी नगरपालिका वडा नम्बर १, नलगाड नगरपालिका वडा नम्बर ५ र ७ मा भूकम्प प्रभावितहरु माझ काम गरिरहेको छ। यसले १४,००० किलोग्राम उन्नत जातको मकैको बीउ, कम्पोजिट तरकारीको बीउ १५०० प्याकेट र करेसाबारीको लागि सामग्री सहयोगको लागि खरिद प्रक्रिया अगाडि बढाएको छ। साथै अप्रिल २०२४ मा यी सहयोगहरु यसका १४०० घरधूरीहरु (लाभग्राहीहरु) मा वितरण गरिने योजना रहेको छ।
- वर्ल्ड भिजन इन्टरनेशनलले ६७ वटा अस्थायी

आवासहरु आठविसकोट नगरपालिका रुकुम पश्चिममा निर्माण गरेको छ । त्यस्तै, नलगाड नगरपालिकामा ६४ वटा र ६७ वटा आठविसकोट नगरपालिकामा खानेपानीका योजनाहरुमा सहयोग गरेको छ। सो क्षेत्रमा शौचालय निर्माणका कार्य पनि जारी राखेको छ । साथै, ७५ जना डकर्मी तालिमको लागि भेरी र नलगाड नगरपालिका, जाजरकोटमा पनि योजना गरेको छ । २५० घरधूरीलाई भेरी र नलगाड नगरपालिकामा व्यवसाय पुनर्लाभ सहयोग गरेको छ भने २५० जनालाई कामका लागि नगदको योजना गरेको छ ।

- हेल्भेटास नेपालले एचआरडिसीसँगको सहकार्यमा आठविसकोट नगरपालिका वडा नं ४ र ९ मा २ वटा खानेपानी आयोजना व्यवस्थापन र पुनर्निर्माणमा सहयोग गरेको छ।
- वेल्टहन्गरहिल्फेले जिएफएफओको सहयोगमा ग्रामीण पुनर्निर्माण नेपालसँगको साझेदारीमा सानीभेरी गाउँपालिका वडा नं ३ मा २७२ अस्थायी आवासहरु निर्माण गरिरहेको छ। साथै यसले २० वटा खानेपानीका आयोजनाहरु मर्मत गरिरहेको छ । जसमा सानीभेरी गाउँपालिका वडा नं ३ मा ७ वटा आयोजनाहरु, भेरी नगरपालिका वडा नं ५ मा ३ वटा आयोजनाहरु र जुनीचाँदे गाउँपालिका वडा नं २ मा १० वटा आयोजनाहरु मर्मत गरिरहेको छ ।
- प्लान इन्टरनेशनल नेपालले स्याक नेपालसंगको साझेदारीमा २०१ घरधूरीलाई बहुउद्देश्यीय नगद सहायता जसमा आठविसकोटमा ८१, नलगाड र भेरीमा ६०/६० वटालाई प्रदान गरेको छ। साथै, आठविसकोट नगरपालिका वडा नं ११ मा ३ वटा खानेपानी आयोजना र भेरी नगरपालिका वडा नं १ मा भत्केको ३ वटा खानेपानी आयोजनाहरु मर्मत र पुनःसंचालनका लागि कामका लागि नगद सहायता मार्फत् स्याक नेपालसँगको साझेदारीमा खानेपानी आयोजना व्यवस्थापन र पुनर्निर्माणमा सहयोग गरेको छ । त्यसैगरी माथि उल्लिखित ३ वटा पालिकाका १९० घरलाई उनीहरुको भत्केको घर सफा गर्नका लागि सरकारी दररेट अनुसार हुनेगरी प्रति घरधुरी १५ हजारका दरले वितरण गरिएको छ । १५० वटा अस्थीय आवास तथा १५० वटा नै अस्थायी शौंचालय निर्माणका लागि प्रति आवास ५० हजार र प्रति शौंचालय २५ हजारका दरले सहयोग
- युनिसेफले आठविसकोट नगरपालिका वडा नं ११, १२, १३, १४ र १५ मा आएसडिसीसँगको साझेदारीमा ३० वटा खानेपानी आयोजनाहरुमा सहयोग गरेको छ। त्यस्तै, सानीभेरी गाउँपालिकाको वडा नं १,२ र ३ मा पनि खानेपानी आयोजनाहरुमा सहयोग गरेको छ।

### कामका लागि नगद/निशर्त नगद सहायता

- विश्व खाद्य कार्यक्रमले ३००० घरधूरीलाई प्रति घरधूरी १५,००० रुपैयाका दरले जाजरकोट र पश्चिम रुकुममा निशर्त नगद सहायता प्रदान गरेको छ ।
- युरोपियन मानवीय सहायता नियोगको कार्यालय को सहयोगमा सेभ द चिल्ड्रेनले ८०० परिवारलाई विन्टराईजेशन भौचर सहयोग जाजरकोटका भेरी नगरपालिका, नलगाड नगरपालिका, कुशे गाउँपालिका, छेडागाड नगरपालिका र रुकुम पश्चिमका आठविसकोट नगरपालिका र सानीभेरी गाउँपालिकामा प्रदान गर्‍यो । नेपाल रेडक्रस सोसाइटीले रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरुको अन्तरराष्ट्रिय महासंघको सहयोगमा सानीभेरी गाउँपालिकाको १४५२ घरधूरीलाई, त्रिवेणी गाउँपालिकाको ७२६ घरधूरीलाई, भेरी नगरपालिकाको १६२३ घरधूरीलाई रु. १५,०००। का दरले बहुउद्देश्यीय नगद अनुदान सहयोग गरेको छ ।
- सामाजिक सेवा केन्द्र (सोसेक नेपाल) ले डेनिश चर्च एड (डिसिए) सँगको सहकार्यमा आठविसकोट नगरपालिकाको १३ र १४ नं वडामा २०० घरधूरीलाई र भेरी नगरपालिकाको वडा नं १ र ३ मा सुत्केरी र गर्भवती महिला, दीर्घरोगले ग्रस्त व्यक्तिहरु गरी जम्मा २०० घरधूरीलाई रु. १५,०००। का दरले बहुउद्देश्यीय नगद अनुदान सहयोग गरेको छ । त्यस्तै, सोसेक नेपालले लुमन्ती नेपालसँगको सहकार्यमा भेरी नगरपालिकाको वडा नं १ मा ११० घरधूरीलाई रु. ३,०००। का दरले सीमान्तकृत समुदायको व्यक्तिहरुलाई नगद अनुदान सहयोग गरेको छ।

### अन्य (विपद् जोखिम न्यूनीकरण)

- २६ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश तहका साझेदारहरुले जाजरकोट भूकम्पका सफलता र चुनौतीहरुबारे वीरेन्द्रनगरमा छलफल गरियो । त्यस्तै, प्राधिकरणका प्रमुख कार्यकारी, सहसचिव लगायतको टोलीले जाजरकोट र रुकुम पश्चिमका भूकम्प पीडित,

स्थानीय सरकारका पदाधिकारी लगायत सरोकारवालाहरुसँग पुनर्निर्माणबारे छलफल गरे ।

- स्थानीय सरकारले जाजरकोट र रुकुम पश्चिमका आठविसकोट नगरपालिका, नलगाड नगरपालिका, बारेकोट गाउँपालिका, भेरी नगरपालिका, सानी भेरी गाउँपालिकामा २६ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसका अवसरमा स्नेक एण्ड ल्याडर खेलहरु मार्फत् जनचेतना जगाएर मनाइयो ।
- सेभ द चिल्ड्रेनले "हाम्रो पालो" रेडियो कार्यक्रम मार्फत् जाजरकोट र रुकुम पश्चिममा भूकम्प सम्बन्धी जनचेतना, जानकारी दिने काम गरेको छ ।हालसम्म १४४ परिवारहरुले रु. २ लाख प्रति मृतक परिवार बीमाको रकम जाजरकोट र रुकुम पश्चिममा पाएका छन् ।
- कर्णाली प्रदेशले प्राकृतिक विपद् विरुद्ध जोखिम हस्तान्तरण संयन्त्र लागू गरेको छ ।
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सामुदायिक सूचनापाटी मार्फत् बारम्बार सोधिने प्रश्नहरु सम्बन्धी सूचनापाटी जाजरकोटका ७ वटा स्थानीय तहहरुको ७७ वटा वडाहरुमा राखेको छ । जसमा अस्थायी आवास लगायत भूकम्प प्रतिरोधी संरचना सम्बन्धी सूचना समेटिएको छ ।
- युएनडिपीले स्याक नेपालसँगको साझेदारीमा बारेकोट गाउँपालिकाको वडा नं १,२,५,६,७,८ र ९ मा १०० जनालाई ४ वटा कार्यक्रममा खोज तथा उद्धार, प्राथमिक उपचार, पूर्व सूचना प्रणाली र आवास निर्माण सम्बन्धी तालिम प्रदान गरेको छ ।

"बल बहादुर शाही, ६०, भूकम्पपछि सरकारको अस्थायी आवासको लागि छानिनु भएको थियो । उहाँले भन्नुभयो, शुरुमा मैले ढुंगामाटोको पर्खाल ८० सेटिमिटरभन्दा ज्यादा विना ब्यान्ड उठाउने योजना गरेको थिए । तर युएनडिपीबाट मेरो गाउँपालिकामा कार्यरत इञ्जिनियर मैले अस्थायी आवास निर्माण गरिरहेको ठाउँमा आएर ८० सेटिमिटरभन्दा माथि अस्थायी आवास निर्माण गर्दा आवासको पर्खालमा ब्यान्ड राख्नुपर्ने र ब्यान्डको महत्वबारे मलाई बुझाउनुभयो । जसले गर्दा मैले पर्खालमा ब्यान्ड राख्ने योजना बनाए । साथै, मैले उहाँबाट बजारबाट कतिवटा छाना छाउने टिन ( सिजिआई सीट) ल्याउने बारे पनि ठ्याक्कै इस्टिमेट पाए । जसले गर्दा मैले सुरक्षित तवरले ढुक्कसँग अस्थायी आवास बनाउन सक्षम भए ।"

बल बहादुर शाही,, बारेकोट गाउँपालिका-२, जाजरकोट, फोटो : युएनडिपी नेपाल



## थप जानकारीको लागि

| | |
|---|---|
| सम्पर्क व्यक्ति क्लष्टर नेतृत्व,<br>कर्णाली<br>श्री तुलसी प्रसाद आचार्य<br>अधिकृत छैटौं<br>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश,<br>वीरेन्द्रनगर, सुर्खेत ।<br>tulshiacharyatpa@gmail.com | सम्पर्क व्यक्ति  क्लष्टर नेतृत्व, काठमाडौं<br>श्री मोहन कुमार घिमिरे<br>उपसचिव<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं<br>वीरेन्द्रनगर, सुर्खेत ।<br>ghimiremohan68@gmail.com |

| | |
|---|---|
| सम्पर्क व्यक्ति क्लष्टर सह-नेतृत्व ,<br>कर्णाली<br>श्री गणेश कुमार विश्वकर्मा<br>पुनर्लाभ क्लस्टर संयोजक<br>संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम नेपाल<br>ganesh.bishwokarma@undp.org | सम्पर्क व्यक्ति क्लष्टर सह-नेतृत्व , काठमाडौं<br>श्री सिद्धार्थ शर्मा<br>पुनर्लाभ क्लस्टर संयोजक<br>संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम नेपाल<br>siddhartha.sharma@undp.org |